का.जि.प्र.का.द.नं. १००/०५९/६०
६ कात्तिक २०७९,
आइतबार
23 October 2022,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न

वर्ष २०, अंक २५२ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com




लोसपाको घोषणापत्र

# प्रदेशको संख्या ११ पुऱ्याउने

आफ्नो पार्टीले चुनाव जितेर संविधान संशोधन गर्न सक्ने ल्याकत राख्न सक्दा प्रदेशको संख्या १० प्लस एक पुर्याउने, प्रदेश सरकारको अधिकार बढाउने र स्थानीय तहलाई प्रदेशको मातहतमा ल्याउने लोसपाको चुनावी प्रतिवद्धता छ ।

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, ५ कात्तिक

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले चुनावी घोषणापत्र तयार पारेको छ । तयार घोषणापत्रमा संविधान संशोधनको मुद्दालाई केन्द्रमा राखिएको छ।

आफ्नो पार्टीले चुनाव जितेर संविधान संशोधन गर्न सक्ने ल्याकत राख्न सक्दा प्रदेशको संख्या १० प्लस एक पुर्याउने, प्रदेश सरकारको अधिकार बढाउने र स्थानीय तहलाई प्रदेशको मातहतमा ल्याउने लोसपाको चुनावी प्रतिवद्धता छ ।

आसन्न निर्वाचनका लागि केन्द्रीय कार्यकारिणी सदस्य अनिल झा संयोजकत्वको तयारी समितिले घोषणापत्र तयार गरेको हो । समितिमा सुरेन्द्र झा, प्रा.डा. अमरेश कान्त झा, जितेन्द्र सोनल, केशव झा, लक्ष्मणलाल कर्ण तथा कमला गुरूङ सदस्य छन् । समितिले संविधान संशोधनमा समेट्नुपर्ने विषयहरूलाई मुख्य चुनावी मुद्दा बनाएर घोषणा पत्र तयार गरेको हो । नेताहरुका अनुसार संविधान संशोधनको मुद्दालाई केन्द्रमा राखिएको




छ । अहिले संघीयताको जुन संरचना छ, त्यसमा पुनर्विचार गर्नुपर्ने उल्लेख छ । घोषणापत्रमार्फत लोसपाले १० प्लस एक प्रदेशको संरचना बनाउनुपर्ने प्रस्ताव अघि सारेको छ । सत्ता गठबन्धनमा रहेका नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्रसहित दलसँग गठबन्धन गरेर चुनावमा होमिएको लोसपाले विगत पाँच वर्षसम्म प्रदेश सरकारले गरेका कामको समीक्षा गर्दै प्रदेश सरकारको अधिकार बढाउनुपर्ने निचोड निकालेर चुनावी एजेण्डा बनाएको छ । घोषणापत्रमा भनिएको छ, 'संघीयता बलियो पार्न प्रदेश बलियो हुनुपर्छ, त्यसका लागि प्रदेश सरकारलाई शक्तिशाली बनाउने गरी कानुनहरूको निर्माण हुनु आवश्यक छ । केन्द्र सरकारले अधिकार केन्द्रीकृत गरेर राख्न मिल्दैन । स्थानीय तहलाई पनि प्रदेशको मातहतमा ल्याउनुपर्छ ।'

लोसपाले दलहरुबीच साझा परराष्ट्र नीति हुनुपर्नेमा जोड दिएको छ ।सत्तामा हुँदा र बाहिर हुँदा दलहरूले लिने विदेश नीतिमा आकाश जमिनको फरक हुने गरेको भन्दै दलहरु एक ठाउँमा उभिएर विदेश नीति तय गर्नुपर्नेमा पनि जोड दिइएको छ । समानुपातिक समावेशी प्रतिनिधित्व बढाउने, अन्तरिम – बाँकी पृष्ठ २ मा

# एकै महिनामा ७६ हजार बढी युवा विदेसिए

ठूलो संख्यामा विदेसिन बाध्य युवाहरुलाई रोक्नका लागि स्वदेशमै रोजगारीका अवसरहरु सिर्जना गर्ने योजनाहरु चुनावी एजेण्डा बन्नुपर्ने हो । तर, उल्टो वैदेशिक रोजगारीमा पठाउने भनी प्रलोभन देखाएको आरोपमा निर्वाचन आयोगले राजनीतिक दल र तिनका शीर्ष नेताहरुलाई नै स्पष्टीकरण सोध्नुपर्ने बिडम्बनापूर्ण अवस्था छ ।

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, ५ कात्तिक

मुलुक आम चुनावमा छ । यो बेला विदेशमा रहेका नेपालीहरु स्वदेश फर्किनुपर्ने हो । किनभने मंसिर ४ गते हुने प्रदेशसभा र प्रतिनिधिसभा सदस्यको चुनावबाट निर्वाचित हुनेहरुले अर्को पाँच वर्ष मुलुकको नेतृत्व गर्नेछन् । तर, आफ्ना जनप्रतिनिधि चुन्न स्वदेश फर्किनेको संख्या न्यून मात्रै छ। बरु चुनावको मुखैमा विदेशिनेको संख्या उच्च छ । एकै महिनामा ७६ हजार बढी युवा विदेसिएका सरकारी तथ्याङ्क छ ।

तथापि, रोजगारी सिर्जनालाई दलहरुले चुनावी घोषणापत्रमा प्राथमिकता साथ समेट्छन् । विगतका चुनावमा पनि यो विषय समेटिएका थिए, यस पटकको चुनावमा पनि समेटिनेछ । तर, सत्तामा पुगेपछि रोजगारी सिर्जनाको प्रतिवद्धता बिर्सने प्रवृति छ । अझ चुनावकै बेला विदेशिन युवालाई प्रोत्साहन गर्ने प्रवृति पो मौलाउन थालेको छ । देशमै रोजगारीको अवशर सिर्जना गर्नुको सट्टा विदेसिने युवालाई फ्रि भिजा, टिकट गर्दिन्छौं भनेर शीर्षस्थ नेताले नै प्रोत्साहन गर्न थालेका हुन् । नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपालले आफ्ना गृहजिल्लाका युवालाई फ्रि भिजा र टिकटमा विदेश पठाईदिन्छु भनेर बोलेको भिडियोले आलोचना चुलिएको छ । उनले नेपाली युवालाई स्वदेशमै उद्यमी बनाउनुको साट्टो विदेश पठाउन प्रोत्साहन गरेको भन्दै आलोचना भएको हो ।

त्यस्तै, नेपाली कांग्रेसकी केन्द्रीय सदस्य तथा समानुपातिक सांसदको उम्मेद्वार आर्जु राणाले पनि युवालाई विनापैसा टिकट पठाईदिन्छु भनेपछि आलोचना चुलिएको छ। युवाजनशक्तिलाई देशमै अवशर दिनुको सट्टा शीर्ष नेताहरुले नै विदेशिन प्रोत्साहन गरेको भन्दै विरोध चुलिएको हो ।

तथ्यांक अनुसार पनि कोरोना नियन्त्रणमा आएपछि एकै महिनामा ७६ हजारभन्दा बढी – बाँकी पृष्ठ २ मा



नेपालका नेताहरुकै कारण लाखौं युवा विदेशमा १८ घण्टा श्रम गर्न बाध्य छन्, तर पनि उनीहरु अझै नेपालमा अवसर खोज्नुको सट्टा विदेश पठाउनै प्रोत्साहन गर्छन्, अब विदेसिएका युवाले नेताहरु विरुद्ध विद्रोह गर्न बेर छैन् ।

■ **डा. राजेश अहिराज**
**राजनीतिक विश्लेषक**

वैदेशिक रोजगार विशेष

## मलेसिया पाम आयल उद्योग

# मेसिनले खोस्दैछ कामदारको काम

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ कात्तिक

मलेसियाको पाम आयल उद्योगमा भएको यान्त्रिकीकरणले आप्रवासी कामदारको आधारमा काम गर्ने परम्परागत प्रणालीलाई विस्थापित गर्ने सम्भावना बढेको छ । मलेसियामा ठूलो मध्येको सीम डार्बी प्लान्टेशन बीएचडी (एसडीपी)ले आफ्नो पाम आयलको वृक्षरोपणका धेरैजसो कार्यहरू सफलतापूर्वक 'मेकानाइज' गरेसँगै जनशक्तिको भरपर्दो विकल्प तयार भएको हो ।

उक्त कम्पनीले आगामी वर्ष सन् २०२३ को अन्त्यसम्ममा उत्पादन बाहेकका सबै गतिविधिहरूमा म्यानुअल कामदारहरूको आवश्यकता हटाउने अपेक्षा गरिएको बताएको छ। कम्पनीका प्रबन्ध निर्देशक हेल्मी ओथमान बाशाले २०२३ को अन्त्यसम्ममा एसडीपीले वृक्षरोपणमा जनशक्तिको संख्या ५५ प्रतिशतले घटाउने अपेक्षा गरेको बताए। कम्पनीले २०२४ को अन्त्यसम्ममा साढे १७ हेक्टरमा एक जना कामदारले काम गर्न सक्ने गरी यान्त्रिकीकरण गर्ने आशा राखेको पनि उनी बताउँछन् । हाल मलेसियामा औसत आठ हेक्टरमा – बाँकी पृष्ठ २ मा

## 'श्रमिकसँग मन्त्री' कार्यक्रम स्थगित

**काठमाडौं / मस–** प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनको मिति नजिकिएसँगै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा रहेको श्रम कल सेन्टरमार्फत मन्त्री शेरबहादुर कुँवरले हरेक आइतबार गर्ने 'श्रमिकसँग मन्त्री' भन्ने साप्ताहिक कार्यक्रम स्थगित भएको छ ।

मन्त्री कुँवरले केही महिना अघिदेखि प्रत्येक हप्ताको आइतबार बिहान ११ बजेदेखि १२ बजेसम्म सेवाग्राहीसँग प्रत्यक्षरुपमा समस्या तथा गुनासो सुन्ने कार्यक्रम शुरुवात गरेका थिए । मन्त्रालयले उक्त कार्यक्रम केही समयको लागि स्थगित भएको दाबी गरेको छ ।

नेकपा एकीकृत समाजवादीको तर्फबाट अछामबाट उम्मेदवार मन्त्री कुँवर केही समयदेखि निर्वाचन क्षेत्रमा केन्द्रित भएका छन् । मन्त्रालयले मन्त्री नभए पनि सार्वजनिक ह्वाट्सएप, भाइबर तथा टोल फ्रि नम्बरबाट गुनासा टिपाउन आग्रह गरेको छ ।



# ६० जिल्लामा समानुपातिकतर्फको मतपत्र ढुवानी



**काठमाडौं/मस-** निर्वाचन आयोगले ६० जिल्लामा समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र ढुवानी गरिएको जनाएको छ । आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि हालसम्म ६० जिल्लामा मतपत्र ढुवानी सम्पन्न भएको हो। आयोगका अनुसार तिहारअघि थप छ जिल्लाको मतपत्र ढुवानी गरिने छ । बाँकी रहेका मनाङ, मुस्ताङ, अछाम, बाजुरा, कालिकोट, मुगु, हुम्ला, जुम्ला र डोल्पाको मतपत्र भने तिहारपछि मात्र ढुवानी गरिनेछ । हालसम्म पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ कूल एक करोड ५१ लाख २४ हजार मतपत्र छपाइ सम्पन्न भएको छ। यसमध्ये प्रदेशसभाका लागि ७५ लाख २५ हजार र प्रतिनिधिसभातर्फ ७५ लाख ९९ हजार मतपत्र रहेका छन्।

हालसम्म प्रतिनिधिसभातर्फ सल्यान, डोल्पा, मुगु, जुम्ला, कालिकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम पश्चिम, सुर्खेत, बाजुरा, बझाङ, डोटी, दार्चुला, बैतडी, डडेलधुरा, अछाम, कैलाली, कञ्चनपुर, रोल्पा, प्यूठान, दाङ, रुकुमपूर्व, अर्घाखाँची, गुल्मी, बर्दिया, नवलपरासी पश्चिमलगायत जिल्लाको मतपत्र छपाइ सम्पन्न भएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए ।

मतपत्रको पृष्ठभूमि रङ सेतो रहेको छ । समानुपातिक निर्वाचन प्रणालीतर्फ सेतो पृष्ठभूमिको कागजमा निर्वाचन चिन्ह र अन्य विवरणका लागि कालो रङ प्रयोग भएको छ भने पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ सेतो पृष्ठभूमिको कागजमा निर्वाचन चिन्ह र अन्य विवरणको रङ रातो मसीको रहेको छ।

**टिकटक प्रतियोगिता गरिने**

निर्वाचनका लागि उत्कृष्ट टिकटक भिडियो बनाउनेलाई निर्वाचन आयोगले पुरस्कृत गर्ने घोषणा गरेको छ । निर्वाचन प्रचारप्रसार, निर्वाचन आचारसंहिता तथा निर्वाचन शिक्षाजस्ता विषयमा आधारित उत्कृष्ट टिकटक भिडियो बनाउन आह्वान गर्दै आयोगले प्राप्त उत्कृष्ट भिडियोलाई पुरस्कृत गर्ने निर्णय गरेको हो । टिकटक भिडियो प्रतियोगितामा सहभागी हुनेले २० सेकेण्डदेखि एक मिनेटसम्मको बनाएर यही कात्तिक ५ देखि १५ गतेभित्र पठाइसक्नुपर्ने छ । आयोगले प्राप्त भएकामध्ये उत्कृष्ट पाँच भिडियोलाई जनही रु ५० हजारका दरले पुरस्कृत गर्ने जनाएको छ । उनीहरुलाई प्रशंसापत्रसमेत प्रदान गरिने बताइएको छ।

## रौतहट डायरी

सत्येन्द्र प्रताप सिंह/मध्यान्ह

## अनाधिकृत व्यक्तिलाई ल्याबको जिम्मेवारी



रौतहट बौधिमाई नगरपालिकाले जनताको स्वास्थ्यसँग खेलावाड गरेको खुलेको छ। नगरपालिकाको वडा नम्बर ४ मा रहेको स्वास्थ्य चौकी ईनरवारीमा एनएचपिसिबाट मान्यता सम्बन्धन प्राप्त नगरेका सिकारु ल्याब टेक्निसियनलाई जिम्मेवारी दिएको खुलेको हो । संजय भनिने संदिप यादवलाई स्वास्थ्य चौकीमा ल्याब टेकनिसियनको जिम्मेवारी दिइएको छ । उनले एनएचपिसिबाट प्रमाणपत्र प्राप्त नगरेको खुलेको हो । मानयता प्राप्त नगरेका ल्याब टेक्निसियनले गर्ने परीक्षणबाट हुने सक्ने घटना दुर्घटनाप्रति स्थानीयले चासो दिएका छन् । नगर प्रमुख प्रदिप यादवले मान्यता प्राप्त ल्याब टेक्निसियनलाई हटाएर आफ्ना मान्छेलाई भर्ना गरेको स्थानीयले आरोप लगाएका छन् ।

यस विषयमा बौधिमाई नगरपालिकाका स्वास्थ्य संयोजक तारकेश्वर पटेलसँग बुझ्दा एनएचपीसी नम्बर नभएको स्विकार्दै प्रमाणपत्र प्राप्त गरेपछि मात्रै मात्र नियुक्ति गरिने प्रतिक्रिया दिए । 'तत्कालका लागि भोलेन्टियरको रूपमा खटाइएको हो' उनले भने । यस विषयमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतसँग बुझ्दा उनी सम्पर्कमा आउन चाहेनन् । यता स्थानीयहरूले सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् ।

## ७० थान पटका नष्ट

सशस्त्र प्रहरी वेस क्याम्प फतुवा बिजयपुरले बरामद भएको विस्फोटक पदार्थ नष्ट गरेको छ । सशस्त्र प्रहरीले फतुवा बिजयपुर वडा नम्बर ८ बाट नियन्त्रण लिएको २२ हजार मूल्य बराबरको ७० थान पटका नष्ट गरिएको प्रहरीले जनाएको छ ।

सशस्त्र प्रहरी वेस क्याम्पको हाताभित्र खाल्डो खनेर बरामद गरिएको पटका नष्ट गरिएको हो । सशस्त्र प्रहरी निरीक्षक वेस क्याम्प प्रमुख संजित सिंह, वडा नम्बर ८ का वडा अध्यक्ष नितेश चौधरी, कार्यपालिका सदस्य जयराम साह, पत्रकारहरूको रोहबरमा नष्ट गरिएको छ ।

### लोसपाको ...

संविधान २०६३ ले अनिवार्य गरेको तर, वर्तमान संविधानले वैकल्पिक भनेको मातृभाषामा शिक्षा दिनुपर्ने लगायत विषयहरूलाई समेत घोषणापत्र उठाएको छ । फेरि पनि लोसपाले आफ्नो पार्टीले संविधान संशोधनका लागि निरन्तर आवाज उठाउने, पहल गर्ने र सक्दासम्म संविधान संशोधन गरेर प्रदेशको संख्या १० प्लस एक पुर्याउने, प्रदेश सरकारको अधिकार बढाउने र स्थानीय तहलाई प्रदेशको मातहतमा ल्याउने प्रतिवद्धता छ।

### एकै...

नेपाली विदेशिन थालेका छन् । त्यस्तै, नयाँ श्रम स्वीकृति मात्रै ५७ हजार ६९३ जनाले लिएका छन् भने १८ हजार ७१० जनाले पुनः श्रम स्वीकृति लिएका छन् । जसमध्ये ६८ हजार ८८४ जना पुरुष छन् भने ७ हजार ५१९ जना महिला रहेका छन् ।

'नेपालका नेताहरुकै कारण आज लाखौं युवा विदेशमा १८ घण्टा श्रम गर्न बाध्य छ, तरपनि उनीहरु अझै नेपालमा अवशर खोज्नुको सट्टा विदेश पठाउनै प्रोत्साहन गर्छन्, अब विदेशिएका युवाले नेताहरु विरुद्ध विद्रोह गर्न छैन्' राजनीतिक विश्लेषक डा. राजेश अहिराजले भने । उनले युवालाई नेपालमै केही गर्ने प्रोत्साहन र अवशरको सिर्जना गरिदिनुपर्ने बताएका छन् ।

त्यस्तै, हरेक विभागीय श्रम मन्त्रीहरुले पनि युवालाई स्वदेशमै रोजगारीको अवशर दिनुको सट्टा विदेश पठाउनै पहल गरिरहेका छन् ।

तथ्यांक अनुसार, नेपालबाट सबैभन्दा बढी मलेसियामा ३०.०९ प्रतिशत, कतार २७.४, साउदी अरब २०,१८, युएई १३.११, कुबेत ३,२५, बहराइन १.१९ क्रोमन ०.८१, दक्षिण कोरिया ०.९, लेवनान ०.२९ इजरायल ०.१५ अफगानिस्तान ०.२८ जापान ०.४२ र अन्य १.८४ प्रतिशत नेपालीहरु दरले विभिन्न मुलुकहरूमा कार्यरत छन् । तरपनि, शीर्षस्थ तहमा रहेका नेताहरु नेपाली युवाको श्रम नेपालमै प्रयोग गर्नतर्फ ध्यान दिदैंनन्, बरु विदेश जान सहयोग गर्छौं भन्दै युवाहरुलाई लोभ्याउन लागिपरेका छन् ।

### मलेसिया...

एक कामदार परिचालन गर्ने गरिएको छ । हेल्मीले उन्नत यान्त्रिकीकरण, स्वचालन सञ्चालनको डिजीटलाइजेसनमार्फत वृक्षरोपणका कामलाई थप परिष्कृत र कम श्रम (जनशक्ति) लगाउने अवस्था रहेको बताएको छ ।

हाल मलेसियाको पाम आयल क्षेत्र पूर्णत विदेशी कामदारमा निर्भर छ । सन् २०२७ को अन्त्यसम्ममा मलेसियाली वृक्षरोपणको काम पूर्णरूपमा यान्त्रिकरण र स्थानीय जनशक्तिको प्रयोग गर्ने लक्ष्य राखेको पनि उक्त कम्पनीले बताएको छ । मलेसियामा ड्रोनमार्फत नर्सरीहरूमा बिरुवाहरू औषधि र रसायन स्प्रे गर्न शुरू गरिएको छ ।

पाम आयल मलेसियाको प्रमुख निर्यातको बस्तु रहेको तर प्लान्टेशन क्षेत्र पूर्णरूपमा आप्रवासी मजदुरको भरमा रहेकोले यान्त्रिकीकरण र स्थानीय जनशक्तिको प्रयोग नगरे उत्पादन लागत बढेर अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न नसकिने मलेसियाका सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् ।


## Invitation For Bids

**Bhume Rural Municipality**
**Office Of The Rural Municipal Executive**
**Khabangbagar, Rukum (East)**
**Lumbini Province, Nepal**

**Invitation for Bids for the construction work under the below mentioned contracts.**

**First Date of Publication: 2079/07/06B.S (2022/10/23A.D)**

1. Bhume Rural Municipality(BRMO) invites electronic bids from Nepalese eligible bidders for the below mentioned Contracts under National Competitive Bidding procedures.
2. A complete set of Bidding Documents may be downloaded by visiting PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Sealed bids must be submitted though electronically to the office BRMO Khabangbagar, Rukum (East) on or before 12:00 Noon on 2079/08/06 B.S (2022/11/22A.D). Bids received after this deadline will be rejected automatically.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 15:00 on2079/08/06 B.S (2022/11/22 A.D). at the office of BRMO Khabangbagar, Rukum (East). Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of the below mentioned amount which shall be valid for 30 days beyond the validity period of the bid.
5. All other terms and conditions will be as per the Nepal's Government Prevailing Public Procurement Act 2063 and Regulations 2064 including all amendments.
6. Bhume Rural Municipality Office (BRMO) Khabangbagar,Rukum (East)reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.

**Name of the Bank : Citizens Bank International Ltd., Bhume branch**
**Name of Office : Bhume Rural Municipality, Khabagbagar, Rukum (East)**

| | For Bid Document | For Bid Security |
|---|---|---|
| A/c name | GA 1.1 BhumeGa.PaAantarikRajaswaKhata | GA 3 Bhume Ga.pa. DharautiKhata |
| A/c No. | 0780100000001202 | 0780100000030201 |

7. The Name and identification no of the contracts are as follows.

| S.N. | Description of Works | Contract ID | Estimated Amount (with VAT in NRs.) | Bid Document Fee (NRs.) | Bid Security Amount(NRs.) |
|---|---|---|---|---|---|
| 1 | Construction of Domahi-Kuchiwang Road | EGP/BRMO/ NCB/W-05/2079-80 | 23,04,000.00\|-( Twenty three lakh four thousand only) | 3,000.00\|- (Three thousand only) | 57,600.00\|-(Fifty seven thousand six hundred only) |

**Chief Administrative Officer**

**Triyuga Municipality**
**Office of the Municipal Executive**
**Gaighat, Udayapur**
**Province No.1, Nepal**

## Invitation for Online Bids

**First Date of Publication: 23 October 2022**

Triyuga Municipality, Office of the Municipal Executive, Gaighat, Udayapur, Province no. 1 invites bids from eligible bidders for following works:

| S. N. | Contract Identification Number | Description of work | Bid Validity Period | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) | Bidding Process |
|---|---|---|---|---|---|---|
| 1 | TM-UDA-GOODS-NCB-4/2079-80 | Procurement of Logistic Equipment (Laptop, Desktop and Printer) | 90 days | 65,000.00 | 3000 | NCB |
| 2 | TM-UDA-GOODS-NCB-5/2079-80 | Procurement of CCTV Camera and Network Management | 90 days | 1,30,000.00 | 3000 | NCB |

**1. Purchase, Submission and Opening of Bid:**

| Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|
| Date | Time | Date | Time |
| 23 Nov.2022 (2079/08/07) | 12:00 Hours | 23 Nov. 2022 (2079/08/07) | 13:00 Hours |

**2. Bank Account Details:**

| Account Name | Bank Name | Bank Address | Account Number | Heading Number |
|---|---|---|---|---|
| Triyuga Municipality Gaighat, Udayapur | Rastriya Banijya Bank Ltd. | Gaighat, Udayapur | GA-1-1 2090100301010004 | Aantarik Rajaswa Khata |
| | | | GA-3 2090100303000004 | Dharauti Khata |

3. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered a last day. In such case validity period of the bid security shall remain the same as specified for the original last dateof bid submission.
4. Triguga Municipality, Office of the Municipal Executive, Gaighat, Udayapur reserves the right to accept or reject, fully or partly any or all the Procurement of Works without assigning any reason, whatsoever. Other procurement process is remains as per rules of PPA and PPR

**Chief Administration Officer**
**Office of the Municipal Executive**

# रोकिएन डेंगु संक्रमण



अस्मिता बम / मध्यान्ह
काठमाडौं, ५ कात्तिक

नेपालमा जाडो महिना लागिसक्दा समेत अझै डेंगुको संक्रमण घटेको छैन । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार शनिबार नेपालमा थप १ जनाको डेंगुकै कारण निधन भएको छ । योसँगै नेपालमा डेंगुबाट मृत्यु हुनेको संख्या ५२ पुगेको छ । गएको साउनदेखि हालसम्मको तथ्यांकलाई हेर्दा नेपालमा ४३ हजार ६८५ जनामा डेंगु पुष्टि भएको छ । यसअघि बिहीबार मात्रै नेपालमा डेंगुबाट दुई जनाको मृत्यु भएको थियो । बिहीबार नेपालमा ७६१ संक्रमित थपिएका थिए । नेपालमा हाल डेंगु संक्रमण ७७ वटै जिल्लामा फैलिएको छ ।

डेंगु संक्रमण रोक्न प्रतिकार्यका कार्य तीव्र पारिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । तर डेंगु संक्रमितको दर भने ज्यूका त्यहि छ ।

### स्वास्थ्यमन्त्री नै संक्रमित

स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री हिराचन्द्र केसी नै डेंगु संक्रमित भएका छन् । उनी हाल उपचारका लागि वीर अस्पतालमा भर्ना भएका छन् । डेंगु संक्रमण पुष्टि भएपछि केसी शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा भर्ना भएका थिए । तर स्वास्थ्यमा सुधार नभएपछि गएको बुधबार वीर अस्पतालमा लगिएको छ । अस्पतालका निमित्त प्रमुख प्रशासकीय अधिकृत डा. भुपेन्द्र बस्नेतका अनुसार राज्यमन्त्री केसीको आईसीयूमा उपचार भइरहेको छ ।

### ५० औ हप्तामा संक्रमण शून्य हुने प्रक्षेपण

यता स्वास्थ्य मन्त्रालयले नेपालमा ५० औँ हप्तामा संक्रमणदर शून्य हुने प्रक्षेपण गरेको छ । हाल डेंगु संक्रमण ४० औं हप्तामा प्रवेश गरेको छ । अहिलेको डेंगु संक्रमणको प्रवृत्ति हेर्दा ३६ औँ हप्तामा उच्च विन्दुमा पुगेको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका स्वास्थ्य शिक्षा प्रशासक माधव कुमार श्रेष्ठ तामक्रम घट्दो क्रममा रहेकाले संक्रमण पनि विस्तारै घट्दै जाने बताउँछन् । संक्रमण घट्दोक्रममा रहेकाले त्रसित नहुन तर सतर्क रहन मन्त्रालयले आग्रह गरेको छ ।

### १० जिल्ला बढी प्रभावित

हाल डेंगुबाट १० जिल्ला बढी प्रभावित भएका मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार सबैभन्दा बढी प्रभावित जिल्लामा काठमाडौं, ललितपुर, मकवानपुर, भक्तपुर, दाङ, चितवन, रुपन्देही, धादिङ, काभ्रेपलाञ्चोक र सुर्खेत छन् । सबैभन्दा धेरै काठमाडौं, ललितपुर र मकवानपुरमा छन् । त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पतालका सहप्राध्यापक डा.निरज बम दसैंपछि पनि डेंगु संक्रमित उपचारका लागि आउने क्रम नरोकिएको बताउँछन् । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुका क्लिनिकल रिसर्च युनिट संयोजक डा. शेरबहादुर पुन अझै डेढ महिना डेंगुको जोखिम रहने बताउँछन् । डेंगुविरुद्धको पूर्वतयारी, रोकथाम, नियन्त्रणमा सरकारी प्रयास चुस्त हुन नसकेको उनी बताउँछन् ।

### सेरोटाइप-३ पुष्टि

उता बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा गरिएको परीक्षणका क्रममा डेंगुको सेरोटाइप-३ फैलिएको पुष्टि भएको छ । नेपालमा सेरोटाइप-३ पहिलोपटक पुष्टि भएको हो । संक्रमितबाट संकलिन गरेर नमुना परीक्षण गर्दा सेरोटाइप १ र ३ देखिएको अस्पतालले जनाएको छ । अस्पतालको ल्याबले १२ वटा नमुनामा परीक्षण गरेको थियो । परीक्षणका क्रममा डेंगुको सेरोटाइप १ र ३ देखिएको अस्पतालका माइक्रोबायोलोजी विभागका प्रमुख डा.नारायणराज भट्टराईले बताए । सेरोटाइप ३ पनि पुष्टि भएपछि थप अध्ययन अनुसन्धानका लागि इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा टेकुलाई जानकारी गराइएको उनको भनाइ छ । यसअघि नेपालमा सेरोटाइप १ र सेरोटाइप २ मात्रै पुष्टि भएको थियो ।

### के हो डेंगु ?

डेंगु एडिज प्रजातिको पोथी लामखुट्टेको टोकाइबाट सर्ने रोग हो । यो रोग डेंगु नामक आरएनए भाइरसको कारणले हुने गर्दछ । यो रोग एडिज लामखुट्टेको टोकाइबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने गर्दछ ।

यो रोग मुख्यतया दिउँसोको समयमा एडिज एजिप्टी नामक पोथी लामखुट्टेको टोकाइबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने गर्दछ । यो प्रजातिको लामखुट्टेले आफ्नो आहारा पूरा गर्नको लागि एक भन्दा बढी व्यक्तिको रगत चुस्ने भएकाले डेंगु रोग फैलाउनमा यो प्रजातिको लामखुट्टेको धेरै भूमिका रहेको हुन्छ ।

केही मात्रामा एडिज एल्वोपिक्टस नामको अर्को लामखुट्टेको टोकाइबाट पनि डेंगु सर्ने गर्दैछ । तर यो लामखुट्टेले आफ्नो आहारा एउटै व्यक्तिको रगतबाट पूरा गर्ने भएकाले यसको प्रभावकारिता एजिप्टिको भन्दा कम हुन्छ ।

## थप ४३ जनामा कोरोना संक्रमण

शनिबार देशभर थप ४३ जनामा कोरोना संक्रमण पुष्टि भएको छ भने थप ४८ जसंक्रमणमुक्त भई डिस्चार्ज भएका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले शनिबार जारी गरेको बिबरण अनुसार चौबिस घण्टामा थप ७९८ नमुना परीक्षण गर्दा ४३ जनामा संक्रमण पुष्टि भएको हो ।

देशभर सक्रिय संक्रमितको संख्या ७१६ रहेको छ। आज पनि कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या शून्य रहेको छ ।

त्यस्तै गत साउन देखि हालसम्म ४३ हजार ६८५ जनामा डेंगु संक्रमण पुष्टि भएको छ। जसमध्ये ५२ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ ।

## कर्णालीका करिब तीन सय मतदानस्थल अतिसंवेदनशील

**सुर्खेत / मस** – सुरक्षाका दृष्टिकोणले कर्णाली प्रदेशका सात जिल्लाका करिब तीन सय मतदानस्थल अतिसंवेदनशील मानिएका छन् ।

आगामी मंसिर ४ गते हुने प्रदेशसभार प्रतिनिधिसभाको निर्वाचनका लागि दुई सय ६७ वटा मतदानस्थल अतिसंवेदनशील मानिएका हुन् । जिल्लाका निर्वाचन सुरक्षा समितिले तयार पारेका प्रतिवेदनका अनुसार सबैभन्दा बढी अतिसंवेदनशील मतदानस्थल कालीकोटमा रहेका छन् । कालीकोटमा ७४ वटा मतदानस्थल अतिसंवेदनशील मानिएका छन् ।

सोमध्ये सल्यानमा ६३, दैलेखका ४८, सुर्खेतका २०, रुकुमपश्चिमका २१, डोल्पामा २३ र जाजरकोटका १८ मतदानस्थल अतिसंवेदनशील रहेको जिल्ला निर्वाचन सुरक्षा समितिले जनाएका छन् । जिल्ला निर्वाचन सुरक्षा समितिका अनुसार सात जिल्लाका तीन सय २५ मतदानस्थल संवेदनशील रहेका छन् । जसमध्ये, सुर्खेतका छ, दैलेखका ६२, सल्यानका तीन, रुकुमपश्चिमका ४३, डोल्पाका २६, कालीकोटका २८ र जाजरकोटका ४२ वटा मतदानस्थल संवेदनशील देखिएका छन् ।

प्रदेशभर एक सय ३८ वटा मतदानस्थल भने सामान्य रहेका छन् । कर्णालीका अन्य तीन जिल्ला जुम्ला, मुगु र हुम्लामा भने विपत्का कारणले गर्दा अहिले मतदानस्थलको अवस्था बुझ्न नसकिएको बताएका छन् । अबको केही दिनमै मतदानस्थलको अवस्थाका बारेमा जानकारी लिने जिल्ला निर्वाचन सुरक्षा समितिले जनाएका छन् ।

कर्णालीमा आगामी निर्वाचनका लागि प्रदेशभर नौ सय ३३ मतदानस्थल र एक हजार चार सय तीन मतदान केन्द्र निर्धारण गरिएको छ । आयोगका अनुसार कर्णालीमा प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि प्रदेशभर १० लाख आठ हजार चार सय तीन मतदाता रहेका छन् । कर्णालीमा प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि आवश्यक तयारीलाई तीव्र पारिएको छ । यता निर्वाचनलाई भयरहित र शान्तिपूर्ण बनाउन सुरक्षा व्यवस्थालाई कडाइ गर्नेगरी तयारी गरिएको जिल्ला निर्वाचन सुरक्षा समितिले बताएका छन् । समितिका संयोजकसमेत रहनुभएका सुर्खेतका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालले अतिसंवेदनशील र संवेदनशील निर्वाचन केन्द्रका लागि सुरक्षा व्यवस्था मजबुद बनाइने बताए । उनले भने, 'सुर्खेतका सन्दर्भमा कुराकानी गर्दा सेनाबाहेक तीन हजारभन्दा धेरै प्रहरी निर्वाचनका लागि परिचालन हुँदैछन् । जिल्लामा निर्वाचनका बेला शान्तिसुरक्षा कायम गर्न हाम्रो तयारी तीव्र छ ।'


## Marsyangdi Rural Municipality
## Office of the Rural Municipal Executive
Bhulbhule, Lamjung
Gandaki Province, Nepal

### INVITATION FOR SEALED QUOTATION

(First Date of Publication: 23rd Oct 2022 (2079/07/06))

1. The Marsyangdi Rural Municipality, Office of the Rural Municipal Executive, Bhulbhule, Lamjung invites sealed quotations **electronically only** from registered Suppliers for Procurement and Supplying of Medicine and Surgical Materials under National Competitive Bidding procedures mentioned in the table below.

| Contract ID | Description of Work | Estimated Amount (Inclusive VAT) NRs. | Bid Validity Period | Bid Security Amount NRs./ Validity | Bid Document Fee NRs. |
|---|---|---|---|---|---|
| 05/SQ/MRM/ 2079-80 | Procurement and Supplying of Medicines and Surgical upto Rural Municipality | NRs, 24,30,691.00 | 45 days | NRs, 65000 / 75 days | NRs, 1,000.00 |

| | | |
|---|---|---|
| Deadline for Bid Submission | 2022-11-07 (2079/07/21) till 12:00 Noon | |
| Date Time and Location for Bid Opening | 2022-11-07 (2079/07/21) 13:00 at Office Premises | |
| Account Details for Bid Document | Name of the Bank:<br>Name of Office<br>Office Account Number | : Civil Bank Limited, Bhulbhule,<br>: Marsyangdi Rural Municipality, Bhulbhule, Lamjung,<br>: **05810129971126** |
| Account Details for Bid Security Deposit | Name of the Bank:<br>Name of Office<br>Office Account Number | : Civil Bank Limited, Bhulbhule Branch<br>: Marsyangdi Rural Municipality, Bhulbhule, Lamjung,<br>: **05810129971088** |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Marsyangdi Rural Municipality or may visit E-procurement section of PPMO's web Site **http://www.bolpatra.gov.np/egp**
3. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever. Matters not covered above shall be as per the latest **amendment of Public procurement Act and its Regulation**.

**Chief Administrative Officer**

Province Government
Lumbini Province
## Ministry of Physical Infrastructure Development
## Transport Infrastructure Directorate
## Road Infrastructure Development Office
Banke, Nepal

### Invitation for Bids

**IFB No : 02-079/080**
**(First date of Publication: 06 Kartik, 2079 (2022-10-23)**

1. Lumbini Province Government has allocated funds towards the cost for improvement of provincial roads and intends to apply part of the funds to cover eligible payments under the Contract for upgrading of roads under national competitive bidding (NCB) & Sealed Quotation.
2. Road Infrastructure Development Office, Banke invites only electronic bids from eligible bidders for the construction of the contract mentioned in table below :

| S. N. | Name of Works | Contract ID | Estimated Amt. With VAT & PS | Bid Doc. Fees | Bid Security Amt. NRs | Type of Bidding |
|---|---|---|---|---|---|---|
| 1 | Asphalt concrete work at Kachanapur -kamdi Road (Duduwa Ga.pa. Pahunch Marg) | RIDO/BANKE/ ROAD/W/ NCB/11/ 079-80 | 9599265.18 | NRs. 3000.00 | 240,000.00 | NCB |
| 2 | Blacktop work at Aalinagar School to banjadiya Road. | RIDO/BANKE/ ROAD/W/ NCB/12/ 079-80 | 4799342.91 | NRs. 3000.00 | 120,000.00 | NCB |
| 3 | Upgrading work at kaushilya Hospital to Little Anjal School Road. | RIDO/BANKE/ ROAD/W/ SQ/13/079-80 | 1438414.52 | NRs. 1000.00 | 36,000.00 | SQ |
| 4 | R.C.C. drain work at Shantinagar Gopal Poudel ko Ghar to Durga mandir Sapana B.K. ko ghar samma. | RIDO/BANKE/ ROAD/W/SQ/ 14/079-80 | 1439007.26 | NRs. 1000.00 | 36,000.00 | SQ |
| 5 | R.C.C. drain work at Shantinagar Sher Bahadur Budha ko Ghar Dachhin Durga mandir chowk Sapana B.K. ko ghar samma. | RIDO/BANKE/ ROAD/W/SQ/ 15/079-80 | 958865.07 | NRs. 1000.00 | 24,000.00 | SQ |
| 6 | Blacktop work at sabik Udharapur Ga.Bi.Sa. Simalghari naya Gijara hudai sitapur 5 Yogini Ma.Bi. paraspur Gaughat Road. | RIDO/BANKE/ ROAD/W/SQ/ 16/079-80 | 1235653.80 | NRs. 1000.00 | 31,000.00 | SQ |
| 7 | Raptisonari 6 Dhalaiya Ward Office to Narainapur Road | RIDO/BANKE/ ROAD/W/SQ/ 17/079-80 | 1563287.22 | NRs. 1000.00 | 40,000.00 | SQ |

3. Addendum (if any), Information on Pre-bid meeting, Letter of Intent, Letter of Acceptance or any other documentation/ notification pertaining to this procurement notice and that must be disclosed to the bidders as per prevailing rules and regulations will be uploaded in E-procurement section of PPMO's web Site http://www.bolpatra.gov.np/egp. and also e-mailed to the bidders. So, the bidders must mention in their bids the correct email addresses which are presently in use. No more publication, after this, will be made in National newspaper, whatsoever.
4. For further information visit PPMO´s website http://www.bolpatra.gov.np/egp.

**Office chief**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
६ कात्तिक २०७९, आइतबार
23 October 2022, Sunday

## सम्पादकीय

# बोली हैन भोलि चाहियो

मुलुक चुनावमा छ । उम्मेदवारहरू प्रचारमा जुटिसके । मतदाताहरू आफ्ना आकांक्षा पोखिरहेका छन् । तर राजनीतिक दलका घोषणापत्र र उम्मेदवारका एजेण्डाहरू नियाल्दा वर्षौंदेखिको उस्तै लाग्छन् । मतदाताका आकांक्षा र माग पनि उस्तै छन् । पाँच वर्षको अवधिमा सुविधा सम्पन्न सहर बसाउनेदेखि रेल चलाउने र गरिबी न्यूनीकरण गर्नेसम्मका महत्वकांक्षी बुँदाले ०७४ मा दलहरूका चुनावी घोषणापत्र रंगिएका थिए । यसपटक पनि तीनै आश्वासनले दलहरूका घोषणापत्र भरिएका छन् ।

चुनाव जित्ने र राज्य सञ्चालन गर्ने ठाउँमा पुगेपछि काम गर्ने शैली घोषणापत्रको जस्तो नदेखिने प्रवृत्ति पुरानै छ । केही सामान्य काम भए पनि घोषणापत्रका अधिकांश बुँदा एकातिर र काम अर्कैतिर देखिने प्रवृत्तिविरूद्ध जनस्तरबाटै प्रश्न उठ्न थालेको छ । जनस्तरबाट चुनावी एजेण्डा खोजिएपछि नेताहरू पनि के कम । शीर्ष नेताहरू नै अर्को पक्षलाई तल्लो स्तरको गाली गलौजमै उत्रिन थालेका छन् । गाली गलौजका लागि सत्ता गठबन्धन र विपक्षी गठबन्धन दुबैलाई मसला छ । सत्ता गठबन्धनलाई एमाले अध्यक्ष केपी ओलीले दुई-दुई पटक गरेको प्रतिनिधिसभा विघटन भइगयो । विपक्षी गठबन्धनलाई सत्ताकै लागि गठबन्धन गरेको आरोप र परमादेशको सरकार ।

एजेण्डा दिन नसकेर वा आफ्नो एजेण्डामा जनतालाई विश्वासमा लिन नसकेपछि गालीगलौज नै नेताहरूका भोट माग्ने एजेण्डा बन्न पुगेको छ । पार्टीका चुनावी एजेण्डा के हुन् ? चुनावमा कसरी जाने ? भन्ने कार्यकर्तालाई सिकाउनु मतलब छैन । आफ्नो पार्टी, आफू रहेको गठबन्धनले चुनाव नजिते लोकतन्त्र खतरामा पर्ने चेतावनी दिइरहेका छन् । यसरी चुनावमा एजेण्डा नदिएर व्यक्तिगत गालीगलौज तथा आक्षेप लगाउनु राजनीतिक धर्म होइन । यो त केबल आक्रोश मात्र हो । नेताहरूले जे बोल्दा पनि ताली पड्काउने कार्यकर्ताको प्रवृत्ति अझ डरलाग्दो छ । आफ्नो नेताले कस्तो खालको भाषाको प्रयोग गऱ्यो, त्यसलाई आलोचनात्मक रूपमा हेरेर गाली गलौजमा नउत्रिएर शीर्ष नेताहरूलाई आफ्नो एजेण्डा तथा विषयवस्तु प्रस्तुत गर्न आग्रह गर्न सक्ने ल्याकत दलका कार्यकर्तामा छैन । परिणाममा नेपालका राजनीतिक दलका नेताहरूको उदेश्य र एजेण्डा नै जस्तोसुकै मुल्य चुकाएर भए पनि चुनाव जित्ने र सत्तामा पुग्ने जस्तो दखिन पुगेको छ । यस्तै प्रवृत्तिले हो राजनीतिक दलहरूप्रति अविश्वास पैदा गरेको । यसलाई चिर्न फेरि पनि राजनीतिक दलहरू तयार हुनुपर्छ । अन्यथा जनताको चाहना र इच्छा विपरित जाँदा विगतमा जनताले नै तत्कालिन शासन व्यवस्था ढालेका थिए । अब त व्यवस्था नै फेर्नुपर्ने छैन । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा जनताले एजेण्डाविहीन राजनीतिक दल नै मतादेशमार्फत फेरिदिन सक्छन् ।

# राजनीतिक नेतृत्व र व्यवस्था

*चुनाव एउटा व्यवस्था परिवर्तनको माध्यम पनि हो । जनताले निष्पक्ष भएर राम्रा उम्मेदवारलाई अगाडि सार्न सके भावी समय देशले फरक बाटो समाउनेछ । नत्र जनता र देशले निरन्तरको दुःख मात्रै पाउनेछन् ।*

अग्रलेख



● रवीन्द्रनाथ पोखरेल

जहानियाँ राणा शासनले १०४ वर्ष राज गऱ्यो । एक शताब्दीभन्दा बढी राज गरेता पनि त्यो अवधिमा कुनै पनि श्री ३ महाराजहरुले आफ्नो पूर्ण कार्यकाल शासन गर्न सकेनन् । अलि धेरै समयसम्म जंगबहादुर राणा र चन्द्र शमशेरले शासन गरेतापनि अन्य श्री ३ हरुले धेरै कार्यकाल बिताएको इतिहास भेटिन्न । त्यस्तै, गरेर निरंकुश निर्दलीय पञ्चायती व्यवस्थाले ३० वर्ष राज गऱ्यो । त्यो अवधिमा पनि धेरै प्रधानमन्त्रीहरुको कार्यकाल पूर्ण थिएन । सायद, सुर्यबहादुर थापा नै थिए होलान् अलि लामो कार्यकाल बिताउने । यद्यपि पञ्चायत व्यवस्था र त्यो पछिको प्रजातन्त्र पूनर्स्थापना पछिका दिनमा निर्वाचित होस् या त अन्तरिम सरकारको शासन कालमा पाँच पटक पाँच व्यवस्थामा प्रधानमन्त्री चलाउने व्यक्तिमा उनी पर्छन् ।

बहुदलीय व्यवस्थाको स्थापना पछि पनि प्रधानमन्त्री हुनेको गन्ती वर्षसँगै देखिन्छ । ३३ वर्षे शासनकालमा २७ प्रधानमन्त्री मुलुकले पाइसकेको छ । कतिपय प्रधानमन्त्रीको समयावधी छ महिनाको मात्रै छ । यसलाई हेर्दा भन्न सकिन्छ, व्यवस्था मात्रै होइन नेतृत्व पनि सही हुनुपर्छ । घटनाक्रमलाई हेर्दा लाग्छ, हामी जनता नै कतै भेँडा बन्न त पुगेनौं । किनकि गलत प्रवृत्ति भएका नेताहरू हुन् भनेर चिन्दाचिन्दै पनि उनैलाई मौका दिइरहेका छौं । अन्धाधुन्ध पछि लागिरहेका छौं । किन पछि लागिरहेका छौं भनेर सोच्न सक्दैनौं । नत तिनले विकासका काम गरेका छन् । नत गरीब मजदुरको रोजगारीको व्यवस्था नै गर्न सकेका छन् । नत साना तिना उद्योग खोल्न नै लागि परेका छन् । पछिल्लो सरकारको नेतृत्वकर्ताले त उल्टै पञ्चायत कालमा स्थापित उद्योग कलकारखाना कौडीको भाउमा बेचेर रोजगार जनता बेरोजगार हुन पुगेका छन् । चुल्हो बल्न पनि धौधौ भएको छ । डाँडा पाखा उजाड भएका छन् । बाँझा पल्टिन पुगेका छन् । नेपाली युवा विदेश पलायन हुन बाध्य बनाइएको छ । खाडी मुलुकमा बेचिएका छन् । घरमा बुढाबुढी बाउ आमा अलपत्र छन् ।



यसतर्फ कहिल्यै फर्किएर हेर्न सकेका छैनौं । लहलहैमा पार्टी नेताका दास बन्न रुचाउँछौं । उनले गल्ती गरे भनेपनि उल्टै संरक्षण गर्छौं । यो अवस्था कसरी सृजना भयो ? कहिल्यै लेखाजोखा गरेनौं । यसैको परिणाम र उपलब्धिमा देश टाट पल्टिने अवस्थामा पुगेको छ । जनता घरबारबिहीन बन्न पुगेका छन् । राष्ट्रियता संकटमा परेको छ । अन्याय अत्याचार, विकृती, विसंगति बढ्दैछ । जनताको कुनै सुरक्षा छैन । समाज बिखण्डन छ । महिला दिदी बहिनीको कुनै सुरक्षा छैन । तर, पनि ती मौका पाउने या नपाउने नेता र जनता कतिपय अहिले पनि छन् या छौं । अहिले भएका नेताले पनि सोच्नु र समीक्षा गर्नुपर्ने बेला आएको मात्रै होइन कि अझ हामी जनताले आफुले आफैलाई एकपटक गहिरिएर चिन्तन, मनन् र आत्मसमीक्षा गर्नुपर्ने अवस्था सृजना भएको छ । किनकि प्रजातन्त्र प्राप्ति र गणतान्त्रिक व्यवस्था शुरु भएको पनि तीन दशकभन्दा बढी भईसकेको छ ।

प्रजातन्तान्त्रिक या त गणतान्त्रिक व्यवस्थामा देश र जनताको हितमा निस्वार्थ भावनाले काम गरेको राजनीतिक पार्टीका नेता या स्वतन्त्र नेताको हकमा उनीहरुको क्षमताले भ्याउन सक्छ भनेदेखि देश र जनताको लागि सेवा गर्छु भन्ने र गर्नेलाई नेतालाई सांसद, सभामुख, प्रधानमन्त्री या राष्ट्रपति तथा जनताको जनप्रतिनिधि हुनु र हुन पाउने अवसर दिनु पनि स्वभाविक मान्न सकिन्छ । जनता तथा पार्टीका कार्यकर्ता तथा शुभचिन्तकले पनि अवसर दिँदा राम्रै काम गरेको मानिन्छ । तर, यो तीन दशक अवधि मात्रै होइन

> *बहुदलीय व्यवस्थाको स्थापना पछि पनि प्रधानमन्त्री हुनेको गन्ती वर्षसँगै देखिन्छ । ३३ वर्षे शासनकालमा २७ प्रधानमन्त्री मुलुकले पाइसकेको छ । कतिपय प्रधानमन्त्रीको समयावधी त छ महिनाको मात्रै छ । यसलाई हेर्दा भन्न सकिन्छ, व्यवस्था मात्रै होइन नेतृत्व पनि सही हुनुपर्छ ।*

पञ्चायत कालमा पनि कोही बिशुद्ध पञ्चायकै भक्त नेता भएर या त चोर बाटोबाट राजनीतिक पार्टीको व्यक्ति र राजनीतिक पार्टीका कार्यकर्ता तथा पार्टीगत शुभेच्छुक जनताको मत खाएर राष्ट्रिय पञ्चायतको सदस्य, प्रधानमन्त्री, जिल्ला पञ्चायतको सभापति सदस्य या पञ्चायतको कुनै उच्चपद, तह तप्का, या त पञ्चायतविरुद्धको २०४६ को जनआन्दोलनका बेला आन्दोलन दबाउनका लागि निरंकुश पञ्चायती सरकारले चालेको रणनीतिलाई समर्थन गर्दै प्रतिकार समितिको संयोजक तथा सदस्य भएर आन्दोलनमा लागेका नेता, कार्यकर्ता, विद्यार्थी भातृ संघ संगठन र यूनियन तथा किसान, गरिब मजदुर वा सर्वसाधारण जनतालाई दुःख दिने मात्रै होइन कि अत्यन्तै कष्टकररूपले यातना दिने, जंगलमा लगेर रातारात कुटपिट गर्नेदेखि लिएर मार्नसमेत बेर नमान्ने अहिलेका छद्मभेषी पार्टीका नेता भनिने धुर्तहरुले मौका र स्वार्थ पूरा गर्न पाएका छन् । जिल्ला जिल्लामा राजनीतिक पार्टीको नेतृत्व उनकै कब्जामा गएको छ । त्यतिले भएन प्रजातन्त्र पुनर्स्थापना भए लगत्तै स्वार्थको राजनीतिका निमित्त तुरुन्तै कुनै पद नपाए पार्टीका केन्द्र तथा जिल्लाका सम्मानित र इतिहासकै आदर्शवान र त्यागी नेतालाई उल्टै "म राजनीतिमा लागेको जोगी हुनका लागि होइन" भन्दै थर्काउने र रुवाउने स्वार्थका घैंटे र चैतेदेखि राजाको पालामा समेत प्रधानमन्त्री भएर असक्षम सावित घोषणा भैसकेका प्रधानमन्त्री, मन्त्रीलगायत दशकौंदेखि सांसदको टिकट पाएर जनताले मत दिएर जिताएर पटक-पटक सांसद प्रधानमन्त्री, मन्त्री भएर देश र जनतालाई कंगाल बनाउँदै राष्ट्रको ढुकुटी लुटेर सात पुस्ताको लागि अकुत सम्पत्ति कमाउने परिपाटी बनेको छ ।

पटक-पटक सांसद, मन्त्री, प्रधानमन्त्री भएका उमेरले डाँडा काटिसकेका सबै हिसाबले कमजोर र असक्षम भैसकेका नेताहरूलाई किन अगाडि सार्दैछौं ? बुझेका कार्यकर्ता किन तिनै नेताको पछाडि छन् ? सोझा र निमुखा जनतालाई भोट दिन किन बाध्य पारिरहेका छौं ? अर्को महत्वपूर्ण कुरा, राजनीति पार्टी कसैको लागि पेवा होइन । राजनीति त योग्य, सक्षम, इमानदार नयाँ पुस्ताको लागि पनि हो । यदि नयाँ पुस्तालाई कहिल्यै पनि अवसर दिइँदैन भने यो गणतन्त्र र यो राजनीति केका लागि र कसका लागि ? अब यतिबेला गम्भीर भएर सर्वसाधारण जनताले सोच्नु पर्ने बेला आएको छ । अब हामी जनताले यतिबेला विचार र विवेक पुऱ्याउन सकेनौं भने इतिहास र भावी पुस्ताले हामीलाई सधैं धिक्कार्ने छ । हामी अग्रज नालायक सावित हुने छौं । अब कमजोर, बेइमानी, र भ्रष्टाचारी र हैकमवादी प्रवृत्तिको विरुद्ध नेपाली जनताले मन र मतका माध्यमबाट लडाइँ गर्नुपर्ने बेला आएको छ ।

त्यसैले युग समय भन्ने अदृश्य वस्तु घण्टी बजाएर कहिल्यै आउँदैन, देखिँदैन । यो त घटनाक्रम र परिवेशअनुसार भूगोलको हरेक क्षेत्रमा उदाउने गर्छ । यसलाई देख्ने आधार भनेकै घटनाक्रम कस्तो तरिकाले अगाडि बढेको छ भोगाइको अनुभूति हो । अनुभूत गर्न सकियो भने मात्रै देखिन्छ । नेपालको अहिलेको राजनीति, राजनीतिक दलमा र दलका नेताहरु र शासकमा देखिएको छ । अब यही चुनावबाट यसको अन्त्य गर्ने अवसर पनि आएको छ । अवसरको उचित ढंगले सदुपयोग गरौं ।

अर्कोतिर महत्वपूर्ण पाटो त हामी जनताले के पनि ध्यान दिनुपर्छ भने पार्टीका नेता र शासक वर्गले जनतालाई झुक्याएर आफ्नो पासोमा पार्नका लागि ६०/६५ को उमेरमै अशक्त भनेर कनिका छरे जस्तो चालले नगण्य भत्ता दिए झैं गरेर भ्रममा पारिरहेको छ । तर, जब नेताहरुको उमेर त्यही अवस्थामा पुगेको हुन्छ तिनैले आफ्ना पक्षका कार्यकर्ता तथा दासका माध्यमबाट यूवा नेता भनेर चिनाउन लगाएको हामी जनताले देखिरहेका छौं । जनता बूढो अशक्त हुन्छ भने नेता युवा कसरी हुन सक्छ ? कहिल्यै पनि हुन सक्दैन । सरासर जनतालाई ठगेर देशको ढुकुटी रित्याइरहेका छन् । अबदेखि उमेर नाघेका बुढा नेतालाई कुनै पनि राजनीतिक दलका इमानदार कार्यकर्ता र जनताले पाल्नुको कुनै अर्थ र औचित्य छैन । यसले देशलाई अगाडि होइन पछाडि मात्रै धकेल्छ । जुन हामीले दशकौंदेखि भोग्दै आएका छन् ।

चुनाव एउटा व्यवस्था परिवर्तनको माध्यम पनि हो । जनताले निष्पक्ष भएर राम्रा उम्मेदवारलाई अगाडि सार्न सके भावी समय देशले फरक बाटो समाउनेछ । नत्र जनता र देशले निरन्तरको दुःख मात्रै पाउनेछन् ।

## सामाजिक सञ्जाल



- सेतेमान तामाङ

उत्पादन नबढाएसम्म बेरोजगारीको अन्त्य हुन सक्दैन । बेरोजगारीको अन्त्य गराउन उत्पादन बढाउनु पर्छ । उत्पादन बढाउन लगानीको आवश्यकता पर्छ । लगानी गर्न राजनीति स्थायित्वको सुनिश्चित हुनुपर्छ । सुरक्षाको सुनिश्चित भए मात्रै बहुअन्तर्राष्ट्रिय कम्पनीहरूले लगानी भित्र्याउने र रोजगारी सृजना हुने हुन्छ ।



- राधाकृष्ण कटवाल

स्वच्छ राजनीतिक प्रतिस्पर्धालाई बन्धक बनाई निहित स्वार्थमा लागि गठबन्धन गरी सैद्धान्तिक र विचारको राजनीतिमा जिवन बिताएका नेतालाई टिकट पाउनबाट बञ्चित गरिनु १०० प्रतिशत अन्याय हो । त्यसैले गठबन्धनको नाममा टिकट पाउनबाट बञ्चित सबै दलका नेताले शीर्ष नेताहरूको भण्डाफोर गर्नुको विकल्प छैन ।



- चन्द्र श्रेष्ठ

स्वदेशमा रोजगारीको वातावरण मिलाउन बामे सर्न खोज्नु त परै जाओस्, उल्टै फ्री भिसा र फ्री टिकट भन्दै नागरिकलाई प्रलोभनमा पार्दै मत आफ्नो पक्षमा जुटाउने परजीवी नेता-नेतृत्वहरूलाई अब पनि चिन्न सकिन्न र तिनैलाई विजयको माला पहिऱ्याउन भने आफ्नो खुट्टामा आफै बन्चरो हाने सरह हुनेछ ।



- निशा राई

डेनमार्कमा प्रायः सबैको तलब लगभग उतिनै हुदोँ रहेछ । सर्जनको तलब आठ लाख छ भने ड्राईभर, कम्पनीको सिईओ, वेटरले पनि त्यति नै कमाउने । क्लास समान, कोही धनी कोही गरिब नहुने ! त्यसैले प्रधानमन्त्रीले साईकल र वेटरले कार चढ्नुको कारण पनि यही हो । नेपालमा पनि सबैको समान स्तर बनाउन सकिए गज्जब हुन्थ्यो ।



- हरिशरण खनाल

घनश्याम र रावललाई संकेत गर्दै सबैका 'बा' भन्नुहुन्छ- सधैं उनीहरूले मात्र अवसर पाइरहनुपर्छ भन्ने केही छ र ? अनि स्वयम् 'बा'ले चाहिं के पाइरहनुभएको भएको छ त ? झापा ५ बाट चैं अरूले मौका पाउनु नपर्ने ? सधैं बाले मात्रै मौका पाउनुपर्ने ?

# नैतिकताको खडेरी

विचार



● खिमराज गिरी

बेलायती प्रधानमन्त्री लिज ट्रसद्वारा ४५ दिनमै राजीनामा शीर्षक समाचारले व्यापकता पाएको छ । उनका अर्थमन्त्री क्वासीले मिनि बजेट ल्याएर अर्थतन्त्र डामाडोल भएको भनी व्यापक बिरोध भएपछि नैतिकताको आधारमा उनले राजीनामा दिएकी हुन् । यसअघिका प्रधानमन्त्री बोरिस जोनसनले पनि गत जुनमा राजीनामा दिएका थिए । जोनसनमाथि पनि आफ्नै पार्टी कन्जरभेटिभका सहकर्मीले नैतिकताको प्रश्न उठाएपछि उनी राजीनामा दिन बाध्य भएका थिए । जोनसनमाथि कसैले राजीनामा दिन भने दबाब दिएको थिएन ।

तर, हेर्नुहोस त नेपालका शासकको बिगत कोट्याउने हो भने प्रायः नेता र कर्मचारीहरुले नैतिकताको पाठ सिक्नुपर्ने देखिन्छ । यहाँ त कमेडियन कलाकार अपूर्व क्षितिज सिंहजस्तालाई राज्यले बुझ्दै नबुझी हत्कडी लगाउँछ तर, मोहम्मद आफताब आलम र विजय गच्छेदार जस्ताले फेरि राज्यको नेतृत्व गर्ने अवसर पाउँछन् । प्रशासनिक सेवामा बस्नेले सरकारी सेवा सुविधा मनग्य लिएका छन् । तर, जनताको काम भने जस्ताको तस्तै छ । जनता गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य तथा रोजगारीका अवसरवाट बञ्चित भइरहेका छन् तर, शासकको हालत भने चन्द्रशमशेरको पालाको जस्तो छ ।

यस वर्षको बजेट भाषणमा अर्थमन्त्री र प्रधानमन्त्रीको हालत देख्दा सायद जो कोहीलाई पनि मनमा लागेको थियो होला कि, देशको अर्थतन्त्र टाट पल्टिँदासमेत उनीहरु भने बिन्दास ! उल्टो बजेट निर्माणमा अनाधिकृत व्यक्तिको संलग्नता गराउँदासमेत बरु सीसीटीभी फुटेज गायब गराए तर, न अर्थमन्त्री जनार्दन शर्माले राजीनामा दिन तयार भए न त प्रधानमन्त्री शेरबहादुर देउवामाथि नैतिकताको प्रश्न उठ्यो । उनीहरु मात्र होइनन्, नेपालको प्रशासनको सार्वजनिक पदमा बसेका प्रायः व्यक्तिको नैतिकताले काम गर्न छोडेको छ ।

> *हाम्रो राजनीतिक नेतृत्वमा नैतिकताको खडेरी नै छ । जे गरेपनि हुने, जे-जस्ता प्रश्न उठेपनि पचाउने अवस्था छ । उनीहरुलाई विश्वमा के भइरहेको छ भन्ने समेत चाँसो न । यस्तो नैतिकता नभएको नेतृत्वलाई जनस्तरबाटै कारबाही हुनुपर्छ । जनताले आफ्नो मतबाट नैतिकता नभएको नेतृत्वलाई कारबाही गर्नुपर्छ ।*

गत दशैं बिदामा लामो रुटमा सरकारी कर्मचारीहरु सरकारी गाडीमा आफ्ना परिवार लिएर सयर गरिरहेका देखिन्थे भने उता सर्वसाधारण जनता भने गाडी नपाएर लामो यात्रा झुन्डिएर जानुपर्ने बाध्यता थियो । यस्तै, सुख सयल र कमाउने धन्दामा व्यस्त हुन्छन् उनीहरु ! उनीहरुमा विवेक नै छैन । चुनावी मुखमा हिजो मात्र नेता माधवकुमार नेपाल मधेश पुगेर प्रधानमन्त्री पत्नी आरजु राणाको उही दुर्गन्धित मन्त्र पढे, "फ्री भिसा.. , फ्री ढेउवा.." भन्दै मच्चिँदै भाषण गर्दैथिए । निर्वाचन आयोगले माधवकुमार नेपाललाई त स्पष्टीकरण सोध्यो तर, आर्जुलाई सोध्नै आँट गरेन । देशमा रोजगारी सृजना गरेर युवाहरुलाई विदेश पलाएन हुनबाट रोक्नुपर्छ भन्नुपर्नेमा उल्टो आरजु र नेपाल भने चुनावी माहोल आफ्नो पक्षमा पार्न निर्वाचनको मुखमा आएर "फ्री भिसा, फ्री टिकट"मा त्यही पनि चुनावको नतिजा हेरेर पठाउने भनेपछि के यो राष्ट्रियता र जनजीवीकासँग सरोकारको विषय हो त ? अहिले सामाजिक संजालमा व्यापक बहसको विषय बनेको छ । निर्वाचन आयोगले यस्ता जुनसुकै दलका हुन कारबाही गर्न पछि हट्नु हुँदैन । यसरी सत्ताको भऱ्याङको लागि सर्वहारा वर्गलाई कहिलेसम्म बलीको बोको बनाउने ? के बेलायतका प्रधानमन्त्रीको जस्तै नैतिकताको प्रश्न उठ्दैन हाम्रा नेता र कर्मचारीहरुमा ? के नैतिकताको पाठ विदेशीबाट सिक्नुपर्ने होइन ?

हाम्रो राजनीतिक नेतृत्वमा नैतिकताको खडेरी नै छ । जे गरेपनि हुने, जे-जस्ता प्रश्न उठेपनि पचाउने अवस्था छ । उनीहरुलाई विश्वमा के भइरहेको छ भन्ने समेत चाँसो न । यस्तो नैतिकता नभएको नेतृत्वलाई जनस्तरबाटै कारबाही हुनुपर्छ । जनताले आफ्नो मतबाट नैतिकता नभएको नेतृत्वलाई कारबाही गर्नुपर्छ । जनताले यो विषयलाई आगामी निर्वाचनबाट जवाफ दिन जरुरी छ । जनतालाई बलियाको बोका बनाइरहने नेतृत्वलाई मतबाट जवाफ दिनुपर्छ । नत्र शासन सत्तामा जे-जस्ता पात्रको रजाइँ छ आगामी समय पनि त्यसले निरन्तरता पाउनेछ । तर, हामी हेर्न मात्रै बाध्य हुनेछौं । चुनावलाई गलत र भ्रष्ट पात्रलाई कारबाही गर्ने अवसरको रूपमा पनि लिन आवश्यक छ ।

# निर्वाचनपछि सीमा नाका व्यवस्थित गरिने

**भैरहवा/मस–** गृहमन्त्री बालकृष्ण खाँणले सुरक्षा, पर्यटन प्रवर्द्धन तथा आर्थिक गतिविधि चलायमान गराउन नाका व्यवस्थित गर्न जरुरी रहेको बताएका छन् । उनले नाका सुव्यवस्थित गर्न सरकार लागि परेको जिकिर गरे । नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पाँच दलीय गठबन्धनको तर्फबाट रुपन्देही क्षेत्र नम्बर ३ बाट प्रतिनिधिसभा उम्मेदवारसमेत रहेका मन्त्री खाँणले शनिबार भैरहवामा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै हवाई तथा स्थल नाका व्यवस्थित नहुँदा मुलुकको आन्तरिक सुरक्षा र छिमेकी मुलुकहरु विरुद्ध नेपाली भूमिलाई प्रयोग गरेर हुन सक्ने गतिविधि रोक्न पनि नाका व्यवस्थित गर्नुपर्ने जरुरी रहेको औंल्याए ।

मन्त्री खाँणले नेपालको भूमि प्रयोग गरी दुई छिमेकी मुलुकविरुद्ध हुन सक्ने गतिविधि हुन नदिन सरकार प्रतिबद्ध रहेको र आगामी दिनमा यसतर्फ अझ चनाखो र गम्भीर ढङ्गले सरकार अगाडि बढ्ने विश्वास दिलाए । 'मुलुकको आन्तरिक सुरक्षाको साथै छिमेकी मुलुक विरुद्ध नेपालको भूमि प्रयोग गरेर कुनै प्रकारको गतिविधि रोक्न पनि नाका व्यवस्थित गर्नुपर्ने छ । यसतर्फ सरकार लागि परेको छ', उनले भने, 'निर्वाचन लगत्तै सबै सीमा नाका व्यवस्थित गर्ने काम शुरु हुन्छ ।' स्थल नाका सुव्यवस्थित गर्ने कामको शुरुवात निर्वाचनपछि सरकारले रुपन्देहीको बेलहीया नाकाबाट गर्ने उनले प्रतिबद्धता जनाए । उनले नाका सुव्यवस्थित गराउन निर्माण गर्नुपर्ने संरचना र अन्य कामका लागि बजेटमा सरकारले कन्ज्युस्याइं नगर्ने बताए ।




मन्त्री खाँणले बेलहीयामा बन्ने एकीकृत जाँच चौकी (आइसीपी) निर्माणका लागि नेपाल सरकारले कूटनीतिक र राजनीतिक रुपमा पहल गरिरहेको जानकारी दिँदै छिट्टै काम अगाडि बढ्नेमा सरकार विस्वस्त रहेको बताए । 'नेपाल र भारतको संयुक्त प्रयासमा आइसीपी निर्माण हुने हो ।' मन्त्री खाँणले भने, 'आइसीपीका लागि हामीले जग्गा अधिग्रहण गरिसकेका छौँ । भारत सरकारले जग्गा अधिग्रहण नगर्दा निर्माणमा ढिलाई भएको हो ।

जग्गा अधिग्रहण गरी निर्माण प्रक्रिया अगाडि बढाउन नेपालले भारत सरकारसँग कूटनीतिक र राजनीतिक दुवै तबरले छलफल अगाडि बढाइएको छ ।' अधुरो रहेको बेलहिया-बुटवल व्यापारिक मार्गअन्तर्गत बेलहिया खण्डको अपूरो रहेको सडक निर्माण तनी/चार महिनाभित्रै सम्पन्न हुने पनि उनले बताए । विशेष आर्थिक क्षेत्र 'सेज' मा नियमित विद्युत् आपूर्ति र सञ्चालन कार्यविधिमा उद्योगी व्यवसायीले राख्दै आएका माग सकारात्मक रहेको उनले बताए ।

# कपिलवस्तु ट्रक दुर्घटनाः मृतकको संख्या ४ पुग्यो

**कपिलवस्तु/मस–** कपिलवस्तुमा सशस्त्र प्रहरी चढेको ट्रक दुर्घटना हुँदा चार जनाको मृत्यु भएको छ । शुक्रबार बेलुका बाणगङ्गा नगरपालिका-३ सिउटीमा ट्रक अनियन्त्रित भई दुर्घटना हुँदा दाङ घर भएका सशस्त्र प्रहरी हवलदार रमेश चौधरी, नवलपरासीका सहायक हवलदार रमेश चौधरी र सिपाही जनक चौधरीको मृत्यु भएको हो । घटनामा स्थानीय साइकल यात्री अमर तङनामीको पनि मृत्यु भएको छ ।



सहायक हवलदार रमेश चौधरी र सिपाही जनक चौधरीको उपचारका क्रममा भैरहवामा मृत्यु भएको इलाका प्रहरी कार्यालय पिपराका प्रहरी निरीक्षक दीपकबाबु केसीले जानकारी दिए । दुर्घटनामा गोविन्द सुवेदी, प्रेम मल्ल, कुलबहादुर घर्ती र सागर पाण्डे घाइते भएको सशस्त्र प्रहरी बल २८ नम्बर गणपति सशस्त्र प्रहरी उपरीक्षक सूर्यबहादुर सेनले बताए ।

## Bakaiya Rural Muncipality
## Office of the Rural Municipal Executive

Hattisunde, Makawanpur
Bagmati Province, Nepal

### Invitation for Electronic Bids

Date of publication: October23 2022 (2079Kartik06)

1. Bakaiya Rural Muncipality, Hattisude, Makwanpur invites electronic bid from eligible bidders for below mentioned Supply of Medicines and Surgical Item sunder National Competitive bidding procedures goods as-specified in Public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Bakaiya Rural Muncipality, Hattisunde, Makwanpur, Mob: 9855088066, 9845904682 website: bakaiyamun.gov.npof office or may visit e-GP system: www.bolpatra.gov.np/egp .
3. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following Bank.
   Name of the Bank : Century Commercial Bank, Hattisunde, Makawanpur
   Name of the Office : Bakaiya Rural Muncipality, Hattisunde, Makwanpur
   Office Account No. : 0810000002GE (Antarik Rajaswa Khata)
   0810000012GE (Dharauti khata)
4. Bid Submission Deadline: 12:00 hrs, 22 November, 2022 (2079 Mangsir 06)

| Contract ID No. | Name of Works | Estimated Amount NRs. (without VAT ) | Bid Security NRs. | Bid Doc. Cost NRs. |
|---|---|---|---|---|
| BRM/NCBG/ 02/2079-080 | Procurement of Motorcycles and Scooter. | 32,03,539.70 | 1,05,000.00 | 3,000.00 |

5. Bidders are advised to visit the construction site and assess the actual site condition before submitting their bids.
6. Other information shall be collected from our PPMO'se-GP system: www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## सिमकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**सिमकोट,हुम्ला,**
**कर्णाली प्रदेश नेपाल**

### क्याटलग सपिङ्ग विधिबाट सवारी साधन (बोलेरो गाडी) खरिद गर्ने सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०७९।०७।०६ गते**

यस कार्यालयको आ.व. ०७९।८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस कार्यालयमा आवश्यक पर्ने सवारी साधन (बोलेरो गाडी) का लागी सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संसोधन २०७३) दफा ८ को उपदफा (१) तथा सार्वजनिक खरिद नियमावली २०६४ (चौथो संसोधन २०७३) को नियम ३१ (ख) बमोजिम, त्यस्तो उपकरण उत्पादक कम्पनी वा सो को आधिकारीक बिक्रेताहरु बिच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नु पर्ने भएकाले उत्त खरिदका लागि इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा आधिकारीक बिक्रेताहरुले आ-आफ्नो फर्म दर्ता, स्थायी लेखा नम्बर (**PAN**) तथा मूअक दर्ता प्रमाणपत्र, एजेन्सी प्रमाण पत्र, **letter of Authorisation**, आ.व. ०७८।७९ को कर चुक्ता प्रमाण पत्र सहितका कागजातहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपीहरु समाबेश गरी सार्वजनिक खरिद नियमावली २०६४ (चौथो संसोधन २०७३) को नियम ३१ (ख) को उपनियम (२) बमोजिम तपशिल अनुसारको सवारी साधनको उत्पादनको आधिकारीक स्पेशिफिकेशन, गुणस्तर मुल्य र सुबिधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले १५ ( पन्ध्रौं) दिन को कार्यालय समय भित्र यस कार्यालयमा शिलबन्दी प्रस्ताव दर्ता गर्नु हुन को लागी यो सूचना प्रकाशित गरिको छ ।

**खरिदको विवरण**

| क्रस | खरिद गर्नुपर्ने मालसामनको नाम | संख्या | स्पेसिफिकेशन | कैफियत |
|---|---|---|---|---|
| १ | बोलेरो गाडी | १ | Right hand drive, 4wheel drive pickup, total seat capacity at least 5, four stoke, four cylinder, turbo charged diesel engine ,engine 2700cc-3000cc, power out put not less than 70-90Hp,torque rate 250Nm,fuel tank 45-55lts, | संक्षिप्त विवरण उल्लेख नभएको कुराहरु Technical Specification बमोजिम हुनेछ । |

## साउदीमा रोजगार | कम्पनी: AL EZZ TOWER CONTRACTING COMPANY
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७९/०७/०२ | चलानी नं.: ६०१८९८२२ | LT. No.: 274006

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Laboure | 10 | 0 | स. काममा दक्ष | 1000 | ३५,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७९ कात्तिक १४ गते (31 October 2022) मा हुनेछ ।

